आज मिती २०८१ साल मंसिर १० गते सोमबार विहान १०:०० वजे गोकुलगंगा गाउँपालिकाको दोश्रो कार्यकालको ३९ औं कार्यपालिकाको वैठक गाउँपालिका अध्यक्ष श्री काजी बहादुर खड्काको अध्यक्षता तथा तपशिलका पदाधिकारीहरुको उपस्थितीमा बसी देहाय वमोजिमको विषयमा छलफल गरी निर्णय गरीयो ।

तपशिल

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री काजी बहादुर खड्का | अध्यक्ष | | |
| २ | श्री उषा देवी कार्की | उपाध्यक्ष | | |
| ३ | श्री छत्र बहादुर वस्नेत | वडा नं. १ वडाध्यक्ष | | |
| ४ | श्री सुन्दर कुमार कार्की | वडा नं. २ वडाध्यक्ष | | |
| ५ | श्री नर विक्रम कार्की | वडा नं. ३ वडाध्यक्ष | | |
| ६ | श्री रामचन्द्र वस्नेत | वडा नं. ४ वडाध्यक्ष | | |
| ७ | श्री दिपक कार्की | वडा नं. ५ वडाध्यक्ष | | |
| ८ | श्री चन्द्र बहादुर सुनुवार | वडा नं. ६ वडाध्यक्ष | | |
| ९ | श्री दिर्घ माया खत्री | कार्यपालिका सदस्य | | |
| १० | श्री संगिता वि.क. | कार्यपालिका सदस्य | | |
| ११ | श्री मोहन मायाँ सुनुवार | कार्यपालिका सदस्य | | |
| १२ | श्री ज्ञान कुमारी थापामगर | कार्यपालिका सदस्य | | |
| १३ | श्री कैलाश सुनुवार | कार्यपालिका सदस्य | | |
| १४ | श्री मैना खड्का | कार्यपालिका सदस्य | | |
| १५ | श्री उमेश कुमार यादव | प्रमुख प्रशासकीय अधिकृत सचिव | | |

छलफलका विषयहरु:

१. अघिल्लो कार्यपालिकाको वैठकको निर्णयहरुको समिक्षा गर्ने सम्बन्धमा ।
२. विभिन्न विधामा अध्ययनरत छात्र छात्राहरूलाई छात्रवृत्ति कार्यक्रम को छलफल सम्बन्धमा ।
३. प्लस टु पास गरि बसेका तथा १८ देखि २५ वर्ष सम्मका युवा युवती लाई सिपमुलक तालीम सन्चालन सम्बन्धमा ।
४. इन्जिनियर , सब-इन्जिनियर र अ.स. इ को विज्ञापन सम्बन्धमा ।
५. अपांगता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनः स्थापना सहयोग कार्यक्रम सम्बन्धमा ।
६. कृषि तर्फको विनियोजित योजना तथा कार्यक्रम संचालन सम्बन्धमा ।
७. आर्थिक सहयोग सम्बन्धमा ।
८. सडक बोर्ड, नेपालमा योजना स्वीकृतिका लागि पठाउने सम्बन्धमा ।
९. दहत्तर बहत्तर कर संकलन सम्बन्धमा ।
१०.ठेक्का स्वीकृती सम्बन्धमा।
११. सडक सरसफाई कार्यक्रमको रकम भूक्तानी सम्बन्धमा ।
१२. गोकुलगंगा गाउँपालिका सहकारी तथा निरीक्षण कार्यविधी, २०८१ स्वीकृती गर्ने सम्बन्धमा ।
१३. विविध सम्बन्धमा ।

# निर्णयहरु:-

## निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गरी अघिल्लो वैठकको निर्णय कार्यान्वयनको समीक्षा गर्ने निर्णय गरीयो ।

## निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल हुँदा एम बि बि एस डाक्टर, स्टाफ नर्स, र रेडियोलोजी अध्ययनरतको लागि छात्रवृत्रिको सूचना आह्वान गर्ने सम्बन्धमा छलफल गर्दा गोकुलगंगा गाउँपालिका आ.व.०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम **विभिन्न विधामा अध्ययनरत छात्र छात्राहरुलाई छात्रवृत्ति कार्यक्रम** बाट छात्रवृत्ति प्रदान गर्न देहाय बमोजिमका छात्रवृत्तिको लागि २१ दिने सूचना आह्वान गर्ने निर्णय गरियो ।

**छात्रवृत्तिको विवरण**

| क्र.स | छात्रवृत्तिको विवरण | कोटा संख्या | छात्रवृत्तिको प्रकार |
|---|---|---|---|
| १ | MBBS डाक्टर | १ | ५० प्रतिशत |
| २ | स्टाफ नर्स | २ | ५० प्रतिशत |

| | | | |
|---|---|---|---|
| ३ | रेडियोलोजी | १ | ५० प्रतिशत |

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल हुँदा लोकसेवा, शिक्षकसेवा तयारी कक्षा तथा सिपमूलक तालिम कार्यक्रमका लागि आवेदन आह्वानको सूचना प्रकाशन गर्ने सम्बन्धमा छलफल गर्दा गोकुलगंगा गाउँपालिका आ.व.०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम **प्लस टु गरी बसेका तथा १८ देखि २५ बर्षसम्मका युवा युवतीलाई सिपमूलक तालिम कार्यक्रम** बाट देहाय बमोजिमका तयारी कक्षा तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्न २१ दिने सूचना आह्वान गर्ने निर्णय गरियो ।

| क्र.स | सञ्चालन हुने कक्षाको विवरण | तह/श्रेणी | संख्या |
|---|---|---|---|
| १ | स्थानीय, प्रदेश निजामती सेवा र संघीय निजामती सेवा | शाखा अधिकृत वा सो सरह, नायब सुब्बा वा सो सरह र खरिदार वा सो सरह | शाखा अधिकृत ५ जना, नायब सुब्बा १० जना र खरिदार १० जना |
| २ | शिक्षक सेवा आयोग | माध्यमिक तह, निम्न माध्यमिक तह, प्राथमिक तह (तृतयि श्रेणी) | मा.वि ५ जना, नि.मा.वि १५ जना र प्रा.वि.१५ जना |
| ३ | स्वास्थ्य सेवा | अ.हे.व | ५ जना |
| ४ | सवारी चालक | हलुका सवारी चालक | १५ जना |
| ५ | बरिस्टा | बरिस्टा तालिम | २५ जना |

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल हुँदा गोकुलगंगा गाउँपालिकाको कार्यालयमा ईन्जिनियर, सब ईन्जिनियर र असिस्टेन्ट सब ईन्जिनयर पद रित्त रहेकोले गोकुलगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मिती २०८१ मंसिर ५ गते सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना प्रकाशन गरेकोले उक्त सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल हुँदा अपांगता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन कार्यविधि, २०८० वमोजिम उक्त कार्यक्रम संचालन गर्नको लागि गोकुलगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मिती २०८१ मंसिर २ गते प्रकाशित भएको सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल हुँदा गोकुलगंगा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार कृषि तर्फका तपशिल अनुसारका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।साथै किसान सूचिकरण कार्यक्रम संचालन गर्न वडा कार्यालयमा कार्यरत कृषि तथा पशु प्राविधिकहरुबाट कृषकहरुको किसान सूचीकरण सम्बन्धी सम्पूर्ण तथ्याङ्क संकलन गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | कार्यक्रम | उपक्षेत्र | श्रोत | लक्ष्य | इकाई | स्वीकृत बजेट |
|---|---|---|---|---|---|---|
| १. | गोकुलगंगा गाउँगालिका बाट वितरण भएका हाते ट्याक्टर मर्मत कार्यक्रम | कृषि | बागमती प्रदेश समानिकरण अनुदान | १००% | १ | ३,००,०००/- |
| २. | कृषि विकास योजना | कृषि | राजस्व बाँडफाँड प्रदेश सरकार | १००% | १ | १२,००,०००/- |
| ३. | अर्गानिक मल उत्पादन कार्यक्रम | कृषि | नेपाल सरकार समानिकरण | १००% | १ | ५,००,०००/- |
| ४. | आलु प्याज प्रवर्द्धन कार्यक्रम | कृषि | बागमती प्रदेश समानिकरण अनुदान | १००% | १ | ३,००,०००/- |
| ५. | एक टोलमा एक उत्पादन व्यावसाय फर्म कार्यक्रम | कृषि | राजस्व बाँडफाँड प्रदेश सरकार | १००% | १ | ३,००,०००/- |
| ६. | मौसमी तथा बेमौसमी तरकारी बिउबिजन खरिद | कृषि | बागमती प्रदेश समानिकरण अनुदान | १००% | १ | ३,००,०००/- |
| ७. | सेतो सिमी बिउबिजन खरिद तथा प्रवर्द्धन कार्यक्रम | कृषि | बागमती प्रदेश समानिकरण अनुदान | १००% | १ | २,००,०००/- |
| ८. | विषादि खरिद कार्यक्रम | कृषि | बागमती प्रदेश समानिकरण अनुदान | १००% | १ | ३,००,०००/- |
| ९. | कृषि मेशिनरी औजार खरिद तथा वितरण कार्यक्रम | कृषि | बागमती प्रदेश समानिकरण अनुदान | १००% | १ | ५,००,०००/- |
| १०. | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | कृषि | नेपाल सरकार शर्सत अनुदान चालु | १००% | १ | ६,००,०००/- |
| ११. | किसान सुचिकरण कार्यक्रम | कृषि | नेपाल सरकार शर्सत अनुदान चालु | १००% | १ | २,००,०००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२. | कृषि व्यावसाय अदुवा, बेसार खेति तथा प्रशोधन प्रवर्द्धन कार्यक्रम | कृषि | बागमती प्रदेश शर्सत अनुदान चालु | १००% | १ | १०,००,०००/- |
| १३. | किसान सुचिकरण कार्यक्रम | कृषि | प्रदेश सरकार शर्सत अनुदान चालु | १००% | १ | १,००,०००/- |
| १४. | फलफुल खेति प्रवर्द्धन कार्यक्रम किवि (गो.गा.पा.-३ रस्नालु ) | कृषि | बागमती प्रदेश शर्सत अनुदान चालु | १००% | १ | ५,००,०००/- |
| १५. | गोकुलगंगा गाउँपालिका किवि र आलु प्रवर्द्धन कार्यक्रम | कृषि | बागमती प्रदेश बिषेश अनुदान चालु | १००% | १ | ५०,००,०००/- |

## निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल हुँदा गोकुलगंगा गाउँपालिका २ नं. वडा कार्यालय र ३ नं. वडा कार्यालयबाट सिफारिस भई आएका विपन्न नागरिकहरुलाई औषधि उपचार खर्च वापत तपशिल अनुसारको आर्थिक सहायता रकम विपन्न नागरिकलाई आर्थिक सहायता शिर्षकबाट भूक्तानी दिने निर्णय गरीयो ।

तपशिल

| क्र.सं. | भूक्तानी पाउनेको नाम | रकम रु. | वडा नं. | खर्च शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | गम्बु शेर्पा | २५००० | २ | विपन्न नागरिक आर्थिक सहायता | |
| २ | अम्मल कुमारी कार्की | १५००० | २ | विपन्न नागरिक आर्थिक सहायता | |
| ३ | चित्र बहादुर दर्जी | १०००० | ३ | विपन्न नागरिक आर्थिक सहायता | |

## निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल हुँदा सडक बोर्ड नेपालमा तपशिल बमोजिमका योजनाहरु उपभोक्ता समिती मार्फत कार्यान्वयन गर्ने गरी स्वीकृतीका लागि पठाउने निर्णय गरियो ।

तपशिल

| सि.नं. | योजना/कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | भिमसेनस्थान पालिका सडक ढलान तथा नाली निर्माण कार्य | |
| २ | फर्पू पिडडाँडा, भस्मे मुल सडक पहीरो नियन्त्रण तथा सरसफाई | |

८५.९७.
काजी बहादुर खड्का
अध्यक्ष

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल हुँदा गोकुलगंगा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ का लागि गोकुलगंगा गाउँपालिका सिमाना भएर बग्ने खिम्ती खोलाको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो संकलन र उत्खनन् गर्ने कार्यका लागि गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८१, गाउँकार्यपालिकाको निर्णय बमोजिम प्रस्तावित आयोजना क्षेत्रभित्र दिगो रुपमा संकलन गर्न सकिने ठाउँहरुमा ढुङ्गा, गिट्टी र बालुवाको दिगो संकलन र उत्खनन् गर्न मिति २०८१ भाद्र ६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरी विद्युतीय खरिद प्रणाली मार्फत ठेक्का आव्हान गरिएकोमा निर्धारित मिति (२०८१/०६/०६) भित्र कुनै पनि फर्म/कम्पनी बाट उपरोक्त ठेक्कामा आवेदन नपरेकोले पुन दोस्रोपट समेत मिति २०८१ असोज ८ गते प्रभाव राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरि ठेक्का आव्हान गरिएकोमा समेत आवेदन नपरेको र सार्वजनिक खरिद ऐन /नियमावलीअनुसारका सबै प्रक्रिया अवलम्बन गरिसक्दा पनि कुनै पनि फर्म/कम्पनीबाट आवेदन नपरेको तर पालिकाका विकास निर्माणका कार्य, उपभोक्ता समितिका कार्य, अन्य सार्वजनिक निर्माणका कार्य र व्यक्तिगत निर्माण कार्य गर्नाको लागि ढुङ्गा, गिट्टी र बालुवाको आवश्यकता अनिवार्य रहेकोले प्रस्ताव गरिएका आयोजना क्षेत्र (बगर) बाट भविष्यमा चोरी निकासी हुन सक्ने र उक्त क्षेत्रमा दोहन बढ्न समेत सक्ने र सो कार्यबाट एकातर्फ वातावरणीय क्षती र अर्कोतर्फ गाउँपालिकाको राजस्व समेत गुम्ने भएकोले वातावरणीय परीक्षण प्रतिवेदनको आयतन नबढ्ने गरी र प्रतिवेदनले तोकेको आयतन भित्र रही गाउँपालिकाद्वारा नै संकलन, उत्खनन् र कर संकलन गर्नुपर्ने भएकोले उक्त कार्यका लागि गाउँपालिकाका कर्मचारीहरु परिचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा बोलपत्र मुल्यांकन समितीबाट पेश भई आएका तपशिल वमोजिमका ठेक्काहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कवोल रकम (मू.अ.कर र पि.एस बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | GRM/RCH/Works/ NCB/03/081/82 | Upgrading of Khahare Kalimati Namadi Bazzar Nagi Road | Gokulganga Builders,uilders, Manthali-1, Ramechhap | 9563036.47 | |
| २ | GRM/RCH/Works/ NCB/04/081/82 | Upgrading of Betali Banchare Khahare Fedi Simalgolai Sadak | Shree Newalaxmi Nirman Sewa, Manthali-06, Ramechhap | 9658737.36 | |

८५.९७.
काजी बहादुर खड्का
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | GRM/RCH/Works/ NCB/05/081/82 | Upgrading of Those Tagam Bigu Deurali Sadak | Gokulganga D.K. Construction Pvt. Ltd. Kathmandu-11, Kathmandu | 2297547.80 | |
| ४ | GRM/RCH/Goods/ NCB/06/081/82 | Procurement of Pipe and Fittings for Gokulganga Rural Municipality | Hardware Nepal, ward No. 16 Balaju Kathmandur | 1415645.00 | |
| ५ | GRM/RCH/Goods/ NCB/07/081/82 | Procurement of Gabion Box for Gokulganga Rural Municipality | Gokulganga Builders, Manthali-1, Ramechhap | 3303651.00 | |
| ६ | GRM/RCH/Medicine Goods/ NCB/08/081/82 | Procurement of Supply and Delivery of General Medicines and Surgical Items | Himalayan Medicine Distributors, Kusunti Lalitpur | 846470.00 | |

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा वडा नं. १, २, ५ र ६ अन्तर्गतका उपभोक्ता समितीबाट संचालित सडक सरसफाई कार्यक्रमको प्राविधिक मूल्यांकन अनुसारको रकम भूक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा गोकुलगंगा गाउँपालिका सहकारी अनुगमन तथा निरीक्षण कार्यविधी, २०८१ माथि बृहत छलफल गरी उक्त कार्यविधी स्वीकृत गर्ने निर्णय गरियो ।